५८ ३५) ४०

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

**मु.नं. ६७२/२०७३/०७४**

**निर्णय नं. ४०**

जिल्ला रुपन्देही, बोडडी गा. बि. स. ५, कटैयाका आशिष कुमार यादव ....................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, माझगाँवा गा. बि. स.को कार्यालय, रुपन्देही ................................१ } विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला रुपन्देही, बोडडी गा. वि. स. ५, कटैयाका आशिष कुमार यादवले माझगाँवा गा. बि. स.को कार्यालय, रुपन्देही समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०५।२६ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिंदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी माझगाँवा गा. बि. स.को कार्यालय, रुपन्देहीको कार्यालय प्रमुख/गा. बि. स. सचिबको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. माझगाँवा गा. बि. स.को कार्यालयवाट भिन्न क्षमता भएका सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको पूर्ण बिवरण ।
२. माझगाँवा गा. बि. स.को कार्यालयले आ. ब. २०७०/७१, २०७१/७२ र २०७२/७३ मा भिन्न क्षमता भएकाहरुको लागि के कति रकम छुट्याएको थियो र सो रकमको खर्च बिवरण ?

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल असोज १२ गते रोज ४ शुभम् ।